र उक्त अध्यादेश कायम छँदा सरह गरी त्यस्तो कुनै तहकिकात, कानूनी कारवाई वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय वा जफत पनि गरिनेछ ।

लालमोहर सवरमिति ।०१७।२।२।१

आज्ञाले–
कृष्णप्रसाद उपाध्याय
श्री ५ को सरकारका का. मु. सचिव,
कानूनमन्त्रालय ।

श्री ५ कोसरकार

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र बीर बिक्रम शाहदेवको शासनकालको छैटौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर-इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## राज्य अदालत उन्मूलन गर्नको निमित्त बनेको ऐन

२०१७ सालको ऐन नं. ३

शान्ति व्यवस्था र नेपालका नागरिकहरूको सुविधा कायम राख्नको लागि वर्तमान न्याय प्रशासनमा सुधार ल्याउन राज्य अदालतहरू उन्मूलन गर्नु परेकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासनकालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१ संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम राज्य अदालत उन्मूलन ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

६० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राज्य अदालत खारेज हुने:– (१) यो ऐन प्रारम्भ भएका मितिदेखि नेपाल अधिराज्यभित्र रहेका सबै राज्यअदालतहरू खारेज गरिएका छन् ।

(२) उपदफा (१) बमोजिम खारेज भएका राज्य अदालतमा दायर भएका छिन्न बांकी सबै मुद्दा मामिलाका मिसिल र छिनुवा मिसिल,असूल गर्न बांकी दण्ड जरिवाना, कैदको लगत समेतका कागजपत्र श्री ५ को सरकारले तोकिदिएको इलाका अदालतमा सर्नेछ र सो अदालतले आफूकहाँ परेको मुद्दा मामिला सरह छिन्ने,हिफाजतसंग राख्ने तथा बांकी दण्ड जरिवाना कैद जितौरी बक्सौनी असूल गर्ने र झगडियाको बिगो भरी भराउ गरिदिनु पर्नेमा समेत नेपाल कानून बमोजिम गर्नेछ ।

३. राजा रजौटाले अधिकार प्रयोग गर्न नपाउने:– (१) नेपाल अधिराज्यभित्रका कुनै राजा रजौटाले आफ्नो राज्यभित्र राज्य अदालत खडा गर्ने र सो अदालतमा पर्न आएका मुद्दा मामिला छिन्न तथा दण्ड जरिवाना,कैद इत्यादि लगाई असूल गरी लिन खान समेत अदालत सम्बन्धी कुनै पनि पाई खाई राखेका हक अधिकारको प्रयोग यो ऐन प्रारम्भ भएपछि गर्न पाउने छैनन् ।

(२) उपदफा (१) को प्रयोजनका लागि यो ऐन प्रारम्भ हुनु भन्दा अघि राज्य अदालत खडा गर्ने र त्यसमा पर्न आएका मुद्दा मामिला छिन्ने तथा त्यसबाट आउने दस्तूर, जरिवाना, बिगो, कैद, बक्सौनी, जितौरी, सलामी इत्यादि असूल गर्ने लिने खाने सम्बन्धमा आफ्नो हक अधिकार हुने गरी कुनै राजा रजौटाले प्राप्त गरेको सबै किसिमको लिखत-पत्र यो ऐन प्रारम्भ भएका मितिदेखि खारिज गरिएको वा यसै ऐनसंग मिल्ने गरी संशोधन भएको मानिनेछ ।

४. इलाका अदालतबाट हेरिने:– यो ऐन प्रारम्भ भएपछि राज्य इलाका भित्रका सबै किसिमका मुद्दा मामिला इलाका अदालतबाट हेरी किनारा हुनेछन् ।

५ कागजपत्र बुझाउनु पर्ने:– यस ऐन बमोजिम इलाका अदालतमा सर्ने कागजपत्र श्री ५ को सरकारले तोकेको अवधिभित्र इलाका अदालतमा बुझाइसक्नु, सबै राजा रजौटा वा राज्य अदालतका काम गर्ने कर्मचारीको कर्तव्य हुनेछ ।

६ कागजपत्र नबुझाएमा गर्ने:– दफा ५ बमोजिम बुझाउनु पर्ने कागजपत्र तोकिएको म्याद-भित्र कुनै राजा रजौटाले नबुझाएमा सो कागजपत्र नबुझाएसम्म त्यस्ता राजा रजौटाको राज्यको आमदानी श्री ५ को सरकारका आदेशले रोक्का हुन सक्नेछ ।

७ बाधा अडकाउ फुकाउने अधिकार:– (१) यो ऐन कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउनको लागि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित

59
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो प्रत्येक आदेश उपदफा (२) का अधीनमा रही यसै ऐनमा परे सरह मानिनेछ ।

(२) उपदफा (१) अन्तर्गत निकालिएको प्रत्येक आदेश संसदको दुबै सदनको सम्मुख राखिनेछ र सो दुबै सदनले निर्णय गरे बमोजिम हुनेछ ।

८. राज्य अदालत उन्मूलन अध्यादेश, २०१६ खारिज वा निष्क्रिय भएपछि त्यसको परिणामः– राज्य अदालत उन्मूलन अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि, अर्कै अभिप्राय नदेखिएमा, सो खारेजी वा निष्क्रियताले–

(क) खारेज वा निस्क्रय हुँदाको बखत कायम नभएको कुनै कुरालाई जगाउँदैन, वा

(ख) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्दैन, वा

(ग) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुबिधा, कर्तव्य वा दायित्वमा असर पार्दैन, वा

(घ) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश विरुद्ध गरेको कुनै कसूर बापत गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्दैन, वा

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुबिधा, कर्तव्य, दायित्व, दण्ड, सजाय, जफतका सम्बन्धमा गरिएको कुनै तहकिकात कानूनी कारवाई वा उपायलाई असर पार्दैन, र उक्त अध्यादेश कायम छँदा सरह गरी त्यस्तो कुनै तहकिकात, कानूनी कारवाई वा उपायलाई शुरू गर्ने, चालू राख्न वा चालू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय वा जफत पनि गरिनेछ ।

लालमोहर सदर मिति २०१७।२।२१

आज्ञाले–
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।